# हरियो वन कार्यक्रम

झलारी-६, सिमलफाँटा, कञ्चनपुरका समुदायको

# समुदाय स्तरीय जलवायु परिवर्तन अनुकूलन योजनाको संक्षिप्त जानकारीपत्र

(आ.व. २०७०/७१ देखि २०७४/७५ सम्म)



## परिचय

झलारी गाउँ विकास समिति-६ सिमलफाँटा शुक्लाफाँटा वन्यजन्तु आरक्षबाट विस्थापित भएकाहरूलाई २०५८ सालमा पुनःस्थापित गरिएको बस्ती हो । स्याली नदी र शुक्लाफाँटा वन्यजन्तु आरक्षको किनारामा पूर्व-पश्चिम राजमार्गदेखि करिब ४ किलोमिटर उत्तरसम्म फैलिएको यस बस्तीमा ३३८ घरधुरीका २,०३५ जना बसोबास गर्दछन् । पछिल्लो समय यस समुदायमा जलवायु परिवर्तनको असर महसुस गरिएकाले यो जलवायु परिवर्तन अनुकूलन योजना तयार पारी लागू गरिएको हो । २०७० असार २४ गते समुदायका सदस्यहरू, शुक्लाफाँटा वन्यजन्तु आरक्ष, सुनदेवी उपभोक्ता समितिका पदाधिकारीहरू, राष्ट्रिय प्रकृति संरक्षण कोष, केयर नेपाल, गा.वि.स. लगायतका प्रतिनिधिहरूको सहभागितामा योजना तर्जुमा गरिएको हो ।

यस जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयन निकै लामो प्रक्रिया भएको र लागत समेत धेरै लाग्ने अनुमान गरी सहयोगका लागि सरोकारवाला निकायहरूबीच चरण-चरणमा छलफल तथा अन्तरक्रिया कार्यक्रम पनि गरिएको थियो । यसर्थ यस योजनालाई कार्यान्वयन गर्न/गराउन सुनदेवी उपभोक्ता समितिका अतिरिक्त स्थानीय सेवा प्रदायकका रूपमा रहेका सरकारी तथा गैरसरकारी निकायले पनि आफ्ना वार्षिक कार्यक्रमहरूमा अनुकूलनका योजनाहरूलाई समावेश गर्दै लैजाने प्रतिबद्धता समेत जनाएका छन् ।

## समुदायको भू-बनावट र प्राकृतिक निर्भरता

पूर्वमा कसरौल र जुडा टोल, पश्चिममा स्याली नदी र शुक्लाफाँटा वन्यजन्तु आरक्ष, उत्तरमा स्याली नदी र श्री कृष्ण निम्न माध्यमिक विद्यालय र दक्षिणमा श्री वैजनाथ उच्च माध्यमिक विद्यालय रहेको यस क्षेत्रको जमिनमा अत्यन्त सुक्खा, बलौटे तथा रूखो माटो रहेको छ । भौगोलिक हिसाबले जमिन समथर रहेता पनि वर्षात्को समयमा उपयुक्त ढल निकास नहुँदा बाटोघाटो हिलाम्मे हुन्छ । सामुदायिक वनबाट पर्याप्त वन पैदावर आपूर्ति हुने अवस्था नभएकाले यहाँका समुदाय आरक्षमा निर्भर रहेका छन् । आर्थिक रूपमा पनि समुदाय निकै पछाडि छ । खानेपानी उपभोगका लागि निजी रूपमा बनेका नल्का (जमिनमुनिको पानी तान्ने पम्प)को पानी प्रयोग गर्ने गर्दछन् । सिँचाइका लागि नहर वा कुलो पनि छैन, आकाशे पानीमा भर पर्नुपर्दछ । पुनःस्थापित बस्ती भएकाले जग्गा-जमिन कम हुँदा आयआर्जनका लागि भारतीय भूमिमा श्रम बेच्न जानु यहाँका समुदायको बाध्यता हो । स्याली नदीको कटान र आरक्षका जनावरले बाली नालीमा पुऱ्याउने क्षति यस समुदायको मुख्य समस्या हो । खाना पकाउन मुख्य रूपमा दाउराको प्रयोग गर्ने यस समुदायमा हरियो वन कार्यक्रम अन्तर्गत राष्ट्रिय प्रकृति संरक्षण कोषको सहयोगमा १८० घरधुरीमा गोबर ग्यास जडान गरिसकिएको छ ।

## मुख्य जलवायुजन्य जोखिमहरू

- स्याली नदीले बर्षेनि गर्ने खेतीयोग्य जमिनको कटान तथा डुबान,
- आरक्षबाट आउने जनावरहरूको आक्रमण र क्षति,
- घट्दो कृषि उत्पादन र खाद्यान्न संकट,
- खानेपानीका मुहानहरू सुक्नु,
- रूख बिरूवा र चराचुरूङ्गीहरू लोप हुँदै जानु,
- कृषि तथा वन स्रोतमा मिचाहा प्रजातिको अतिक्रमण, र
- आगलागी ।

## योजनाको परिकल्पना

५ वर्षमा झलारी-२, सिमलफाँटाका समुदायमा जलवायु परिवर्तनका जोखिमहरू अनुकूलित भई आयआर्जन तथा जीविकोपार्जनको अवस्थामा सुधार गर्नुका साथै वृक्षरोपण र प्राकृतिक पुनरोत्पादनमार्फत वनको अवस्थामा सुधार ल्याउने र समुदायका ३३८ घरधुरीहरू तथा यहाँको कृषि तथा वन पारिस्थितिकीय प्रणालीलाई समानुकूल बनाउने ।

## योजनाको उद्देश्य

- तारजाली तटबन्ध, वृक्षरोपण, जोखिमयुक्त ठाउँमा काठे पुल निर्माण गरी नदीजन्य प्रकोप कम गर्ने ।
- सिँचाइको राम्रो व्यवस्था गराई कृषिमा सुधार ल्याउने साथै उन्नत जातका बीउबिजन संकलन तथा वितरण गराई जीविकोपार्जनमा सुधार ल्याउने ।
- अग्निरेखा निर्माण गर्दै खाली ठाउँमा वृक्षरोपण तथा मिचाहा प्रजातिको उन्मूलन गरी कृषि तथा वन पारिस्थितिकीय प्रणालीमा सुधार ल्याउने ।
- शौचालय निर्माण र स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सचेतीकरण गोष्ठी गरी स्वास्थ्यमा सुधार ल्याउने ।

## योजना तर्जुमा प्रक्रिया

स्थानीय जलवायु अनुकूलन योजनाको राष्ट्रिय संरचना र हरियो वन कार्यक्रम निर्देशिकाको अधिनमा रही निम्नानुसार चरणमा प्रस्तुत योजना तर्जुमा गरिएको हो ।

- संकटासन्न समुदाय र घरधुरीको पहिचान (जस्तैः महिला, दलित, विपन्न तथा पछाडि पारिएका वर्गहरूमा परेका जोखिमहरूको प्रभाव विश्लेषण) ।
- अनुकूलन अभ्यास तथा कार्य निर्धारण ।

## योजनाका विशेषताहरू

- योजनालाई जनमुखी र सहभागितामूलक बनाउन वास्तविक जोखिम प्रभावित महिला, दलित र विपन्न घरधुरीको सहभागिता सुनिश्चित गर्नुका साथै त्यस्ता समुदायलाई मुख्य रूपमा लक्षित गरिएको ।
- कृषि तथा खाद्य सुरक्षा, मानव स्वास्थ्य, वन तथा जैविक विविधता र जल उत्पन्न प्रकोपलाई समेटिएको ।
- स्थानीय श्रम, सीप, ज्ञान, प्रविधि र प्राकृतिक रूपमा रहेका स्थानीय स्रोत-साधनहरूको भरपूर प्रयोग गर्दै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको साझेदारीलाई प्राथमिकता दिइएको ।

- सामाजिक परीक्षणका माध्यमबाट आर्थिक पारदर्शिता, समावेशी र सहभागितामूलक ढङ्गले योजना कार्यान्वयन भएको सुनिश्चितता हुने मापदण्ड तयार पारिएको ।
- जलवायु परिवर्तनका असरहरू कम गर्न ती जोखिमसँग जुध्न सक्ने क्षमतामा वृद्धि गर्न स्थानीय प्रविधि र अभ्यासहरूलाई आत्मसात् गरिएको ।
- योजना कार्यान्वयन अवधिमा सुशासनका अभ्यासहरू जस्तैः सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण, सम्पन्नता स्तरीकरण अद्यावधिक आदि गरिनुको साथै लैङ्गिक तथा समावेशीमूलक तरिकाले कार्यसमिति तथा अनुगमन र निर्माण समितिहरू गठन गर्न प्रतिबद्ध ।

## जलवायुजन्य जोखिम तथा अनुकूलन क्रियाकलापहरू

| जोखिमको क्षेत्र | जोखिम/प्रकोप | अनुकूलनका क्रियाकलापहरू |
|---|---|---|
| कृषि तथा खाद्य सुरक्षा | खेतीयोग्य जग्गाको कमी, सिंचाइको समस्या र घट्दो कृषि उत्पादन | सुक्खा सहने बालीको प्रयोग, सिँचाइका लागि मोटर/पम्पसेट पाइप विस्तार तथा निर्माण, स्थानीय तथा उन्नत बीउविजन संकलन र वितरण, जीविकोपार्जन कार्यक्रम, बेमौसमी खेती, बाली विविधिकरण र सीपमूलक तालिमहरू |
| वन तथा जैविक विविधता | कृषि तथा वन स्रोतमा मिचाहा प्रजातिको अतिक्रमण | मिचाहा प्रजाति उन्मूलन, अग्निरेखा निर्माण, होर्डिङ् बोर्ड निर्माण, आगोजन्य पदार्थ निषेध, तालिम र सामग्री प्रयोग गरी नियन्त्रण, वृक्षरोपण, खुला चरिचरण नियन्त्रण, वैकल्पिक ऊर्जाको प्रयोग |
| मानव स्वास्थ्य | बिग्रदो मानव स्वास्थ्य | झुल प्रयोग, शौचालय, गोबर ग्यास र सुधारिएको चुल्हो निर्माण तथा प्रयोग, सुत्केरी तथा गर्भवती जाँच र अन्य सुविधाहरू |
| जलवायुजन्य प्रकोप | बाढी, सुक्खा खडेरी, कटान तथा डुबान | जैविक तटबन्ध निर्माण, विपद् राहत कोष स्थापना, बाढीको पूर्व तयारी योजना, निर्माण र कार्यान्वयन, वृक्षरोपण |
| बासस्थान र पूर्वाधार | आगलागी | सामुदायिक आश्रय भवन निर्माण |
| संस्थागत विकास | सामाजिक उपेक्षा र वञ्चितीकरण | लैङ्गिक तथा सामाजिक समावेशीकरण, अल्पसंख्यक र बहिष्करणमा पारिएका समुदायको प्रतिनिधित्वको सुनिश्चितता, जीविकोपार्जनमा सुधार, दलित तथा विपन्न परिवारका बालबालिकाका लागि छात्रवृत्ति |

उपरोक्त योजना अन्तर्गतका सबै क्रियाकलापहरूलाई सम्बन्धित सेवाप्रदायक (सरकारी, गैरसरकारी, सहकारी र निजी) संस्थाले कार्यान्वयनमा सहयोग गर्दै जाने प्रतिबद्धता समेत जनाइसकेका छन् । योजनाको कार्यान्वयनमा सहजता होस् भन्ने हेतुले हरेक क्रियाकलापलाई स-साना एकाईमा वर्गीकरण समेत गरी योजनाको कार्यान्वयन सुरू गरिसकिएको छ ।

## योजना कार्यान्वयन प्रक्रिया

प्रस्तुत योजना कार्यान्वयनको सिलसिलामा अनुकूलन अवसरहरूको लेखाजोखा तथा अनुकूलन कार्य, कार्यक्रम तथा कार्ययोजना कार्यान्वयनबीचको दोहोरोपना र रिक्तता हटाउन गा.वि.स. स्तरका स्थानीय अनुकूलन कार्ययोजनाको कार्यान्वयनमा सहायक सिद्ध हुने विश्वास लिइएको छ । स्थानीय अनुकूलन कार्ययोजनाका निम्नानुसार प्रक्रिया कार्यान्वयनमा सुनदेवी उपभोक्ता समिति तथा यस क्षेत्रमा सेवा प्रदायकका रूपमा रहेका सबै सरोकारवालाहरूले प्रतिबद्धता जनाइसकेका छन् ।



**स्थानीय अनुकूलन कार्ययोजनाका पाइलाहरू**

## कोषको व्यवस्था

यस योजना कार्यान्वयनका लागि सुनदेवी उपभोक्ता समितिले आफ्नो खातामा कोष राखी सञ्चालन गर्नेछ । उक्त कोष जलवायु परिवर्तन, सामुदायिक अनुकूलन कोष सञ्चालन कार्यविधि, २०७० बमोजिम परिचालन गरिनेछ ।

## अनुगमन र मूल्याङ्कन

योजनाको समीक्षा तथा नियमित अनुगमन र मूल्याङ्कनका लागि समावेशी र सरोकारवालाहरू समेतको संलग्नतामा ५ सदस्यीय अनुगमन समिति गठन गरिएको छ । सो समितिले यस सहभागितामूलक अनुगमन, मूल्याङ्कन, पुनरावलोकन तथा सिकाइ योजना बमोजिम तोकिएको समयावधिमा आफ्नो प्रतिवेदन तथा सुझावहरू सम्बन्धित सरोकारवाला निकायमा पेश गर्नेछ ।


थप जानकारीका लागि
सुनदेवी उपभोक्ता समिति
झलारी-६, सिमलफाँटा, कञ्चनपुर, नेपाल
वा
राष्ट्रिय प्रकृति संरक्षण कोष - शुक्लाफाँटा संरक्षण कार्यक्रम
चाँदमारी, कञ्चनपुर
फोन/फ्याक्स नं.: ००९७७-९९-५२४७०३
वेबसाइटः www.ntnc.org.np, इमेलः scp@ntnc.org.np



**डिस्क्लेमरः** यो जानकारीपत्र अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (यूएसएड)को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तुले अमेरिकी सरकारको धारणाको प्रतिनिधित्व गरेको मानिने छैन ।